# लोक सेवा आयोग

## नेपाल राष्ट्र बैंक, प्रशासन, सहायक द्वितीय, सहायक पदको

## आन्तरिक प्रतियोगितात्मक लिखित परीक्षा

**२०७५/०३/२१**

**पत्र : द्वितीय**

**समय : ३ घण्टा**

**पूर्णाङ्क : १००**

**विषय : बैंकिङ तथा लेखा**

| प्रत्येक खण्डको उत्तर छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ। अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ। |
|---|

**खण्ड 'क'** **५० अङ्क**

१. नेपाल राष्ट्र बैंकको उद्देश्यहरू लेख्नुहोस्।

२. क, ख, ग र घ वर्गका बैंक तथा वित्तीय संस्थाहरूको लागि तोकिएको न्यूनतम चुक्ता पूँजी कति हो ? वित्तीय कारोवारका आधारमा क र ख वर्गका बैंक तथा वित्तीय संस्थाबीच फरक छुट्याउनुहोस्। २ + ८ = १०

३. बैंक नगदी किताब भनेको के हो ? बैंक नगदी किताब तयार पार्नुको उद्देश्यहरू उल्लेख गर्नुहोस्। ४ + ६ = १०

४. नाफा नोक्सान हिसाबका विशेषताहरू के के हुन् ? सविस्तार लेख्नुहोस्। १०

५. हिसाब मिलान विवरण किन तयार पार्नुपर्दछ ? प्रष्ट पार्नुहोस्। १०

**खण्ड 'ख'** **५० अङ्क**

६. सन्तुलन परीक्षणबाट पत्ता नलाग्ने गल्तीहरू के के हुन् ? उदाहरणसहित व्याख्या गर्नुहोस्। १०

७. आन्तरिक नियन्त्रण भनेको के हो ? आन्तरिक लेखापरीक्षणबाट आन्तरिक नियन्त्रणमा हुने सहयोग बुँदागत रूपमा उल्लेख गर्नुहोस्। ४ + ६ = १०

८. सुनगामा कम्पनीको देहाय बमोजिमको जानकारीको आधारमा (क) चालु अनुपात (ख) कुल नाफा अनुपात (ग) खुद नाफा अनुपात (घ) शेयर धनीको लगानीमा प्रतिफल र (ङ) सम्पत्तिमा प्रतिफल पत्ता लगाउनुहोस्। १०

| | |
|---|---|
| बिक्री | रु. ४,००,००० |
| ८% | रु. १,००,००० |
| सञ्चालन खर्च<br>(रु. ८००० ब्याज समावेश) | रु. १,४०,००० |
| शेयरधनीहरूको कोष | रु. १,५०,००० |
| बिक्री सम्पन्न वस्तुको लागत | रु. २,००,००० |
| स्थिर सम्पत्ति | रु. २,००,००० |
| चालु सम्पत्ति | रु. १,५०,००० |

९. प्राथमिक तहको तथ्याङ्क प्रशोधनमा के कस्ता कदनहरू अपनाउनु पर्दछ ? सविस्तार लेख्नुहोस्। १०

१०. मनी चेन्जर मनी ट्रान्सफर कम्पनीले कायम गर्नुपर्ने न्यूनतम चुक्ता पूँजी (Paid up Capital) को बारेमा व्याख्या गर्नुहोस्। ५ + ५ = १०

□□□